# प्रेस ब्रिफिंग

## २०७७/०७/१७ सोमबार, धनगढी

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मा. लेखराज भट्टज्यूको नेतृत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उद्योग सचिव श्री चन्द्र कुमार घिमिरे र वाणिज्य तथा आपूर्ति सचिव श्री बैकुण्ठ अर्याल सहितको उच्चस्तरीय टोलीले हालै गरेको सुदूरपश्चिम प्रदेशको स्थलगत भ्रमण आज सम्पन्न गरी निम्न प्रगती हासिल भएका छन् :

**१)दोधारा चाँदनीमा सुख्खा बन्दरगाह तथा अन्तरदेशीय विशेष आर्थिक क्षेत्रको स्थापनाको शुभारम्भ कार्यक्रम मिति २०७७.०७.१६ मा सम्पन्न भएको छ ।**

- महाकाली नगरपालिकाको मायापुरी तथा गौरीशंकर क्षेत्रमा करिब ४९६ हेक्टर (७३४ विगाहा) क्षेत्रमा नेपाल भारत अन्तरदेशीय विशेष आर्थिक क्षेत्र सहितको सुख्खा बन्दरगाह निर्माण सुरु गर्न मन्त्रालयका सह-सचिवको संयोजकत्वमा गठित प्राविधिक समितिले स्थलगत अध्ययन सुरु गरेको छ ।
- नेपाल र भारतले सुख्खा बन्दरगाह र अन्तरदेशीय विशेष आर्थिक क्षेत्र विकास गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्दा ३ वटा विकल्पहरु मध्ये मायापुरी तथा गौरीशंकर क्षेत्र सबैभन्दा उपयुक्त देखिएको ।
- उक्त अन्तरदेशीय विशेष आर्थिक क्षेत्र नेपालमा पहिलो हुनेछ ।
- सो पूर्वाधारहरू तयार भए पश्चात नेपालको सुदुरपश्चिम प्रदेशलाई बाह्यजगतसंग आवद्ध गराउने गरी वैदेशिक व्यापार र लगानीको ढोका खुल्नेछ । यसबाट सुदूरपश्चिम प्रदेश र देशका अन्य प्रदेशहरुमा

औद्योगिक विकास र अन्तर्राष्ट्रिय व्यापार मार्फत आर्थिक समृद्धि हासिल गर्न ठुलो मद्धत पुग्नेछ ।

- यस क्षेत्रमा स्थापना हुने सुख्खा बन्दरगाहले नेपाललाई भारतको पश्चिमी तटीय क्षेत्रमा रहेका गुजरातको मुन्द्रा, मुम्बईको JNPT लगायतका बन्दरगाहहरुसंग जोड्ने अवसर प्राप्त हुनेछ । यसबाट हालसम्म नेपाललाई भारतको पूर्वी तटीय बन्दरगाहहरु मात्र उपलब्ध भएकोमा पहिलोपटक भारतको पश्चिमी तटीय बन्दरगाहहरुबाट पारवहन सुविधा उपलब्ध हुनेछ ।
- यस कार्यको लागि भारत सरकारसंग सकारात्मक रुपमा वार्ता भईरहेको छ ।
- सुख्खा बन्दरगाहको साथै स्थापना हुने अन्तरदेशीय विशेष आर्थिक क्षेत्रले देशको औद्योगिकीकरण मार्फत निर्यात व्यापार प्रवर्द्धनले यस प्रदेश तथा देशकै आर्थिक विकास तथा समृद्धिमा योगदान पुग्ने छ।
- यी रुपान्तरणकारी पूर्वाधारहरुको निर्माण सम्पन्न गर्न हिजो कार्तिक १६ गते दोधारा चाँदनी र धनगढीमा आयोजित स्थलगत भ्रमण साथै अन्तरक्रिया दौरान प्रदेश सरकार, स्थानीय तह, विभिन्न सरोकारवाला निकाय तथा आम नागरिकहरुबाट पूर्ण सहयोग र समर्थन प्राप्त हुने भएको छ। यसका लागी सबै पक्षको सहयोग र समन्वयमा सुख्खा बन्दरगाह र अन्तरदेशीय विशेष आर्थिक क्षेत्रको निर्माण कार्य शीघ्र सुरु भई निर्धारित समय भित्रै सम्पन्न हुनेमा म विश्वस्त छु । सबै कार्य समयमै सम्पन्न गर्न मैले सम्बन्धित निकायहरु लाई निर्देशन दिएको छु ।

**२)कन्चनपुरको दैजी (छेला) औद्योगिक क्षेत्रको स्थलगत अवलोकन र निर्माणको थालनी**

- नेपाल सरकारबाट करिब ९०० विगाहा जग्गामा दैजी (छेला) औद्योगिक क्षेत्रको घोषणा भएकोमा यसबीच विस्तृत अध्ययन प्रतिवेदन (DPR) र वातावरणीय प्रभाव मुल्यांकन (EIA) अध्ययन प्रतिवेदन तयार एवं सम्बन्धित निकायबाट स्वीकृत भएको छ।
- सो क्षेत्रमा वन क्षेत्र पनि पर्ने भएको हुँदा करिब ३५० विगाहा क्षेत्रफलमा विस्तृत अध्ययन प्रतिवेदन तथा वातावरणीय प्रभाव मुल्यांकन स्वीकृत भईसकेकोले निर्माण कार्यको तयारी भईरहेको छ ।
- जम्मा १२४ वटा उद्योगहरु स्थापना गर्ने क्षमता सहित निर्माण हुन लागेको दैजी औद्योगिक क्षेत्रमा २३ वटा साना उद्योग, ४४ वटा मझौला उद्योग र ५७ वटा ठुला उद्योग स्थापना हुनछन् । उक्त उद्योगहरुबाट करिब १५,००० प्रत्यक्ष रोजगारी र करिब ५०,००० अप्रत्यक्ष रोजगारी सृजना हुनेछ । तत्पश्चात सुदूरपश्चिम प्रदेशमा रोजगारीको समस्यालाई सम्बोधन गर्न यसबाट ठुलो सहयोग पुग्नेछ। चालु आर्थिक वर्षमा दैजी औद्योगिक क्षेत्रको परियोजना कार्यालयको स्थापना गरी निर्माण कार्यको सुरुवात माघ महिनाअघि नै सुरु गरिनेछ । सो आयोजनाको निर्माण अवधि ४ वर्षको हुनेछ।
- करिब रु. ८ अर्बको लगानीमा निर्माण हुने यस औद्योगिक क्षेत्रका १२४ वटा उद्योगहरुमा थप अर्बौंको लगानी हुनेछ । पूर्वाधारतर्फ ४ लेनको मुख्य सडक, २ लेनको सहायक सडक, छुट्टै साइकल लेन र पैदल यात्रु लेन, वर्षा र ढलको पानीको लागि छुट्टै ड्रेन, २४ घण्टा

सफा पानी आपूर्ति, ओभरहेड र अन्डर ग्राउण्ड ट्यांकी, फोहोर पानी प्रसोधन केन्द्र (Waste Water Treatment Plant), सिंगल Entry र सिंगल Exit को व्यवस्था, करिब २०० जना शशस्त्र प्रहरी बस्ने व्यवस्था, २४ घण्टा सुरक्षाको ग्यारेन्टी, ४० मेगावाट विद्युतको लागि छुट्टै फिडर लाइन (३३ के.भी), उद्योग संघ, बैंक, शिशु-स्याहार केन्द्र, ATM, Display Center, Health Clinic र एकीकृत भन्सार चेकपोस्ट हुनेछ।

- यस औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण सम्पन्न भए पश्चात सुदूरपश्चिम र कर्णाली प्रदेशहरुमा रहेका कृषि, वन, खानीमा आधारित उद्योगका साथै विदेशबाट आयातित कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना हुनेछ।
- मैले यस औद्योगिक क्षेत्रको निर्माण तथा अन्य कार्य समयमै सिध्याउन सम्बन्धित सबैलाई थप निर्देशन दिएको छु ।

## ३)अत्तरिया-धनगढी औद्योगिक कोरिडोरको स्थलगत अवलोकन तथा अनुगमन

- अत्तरियादेखि धनगढी सम्मको करिब १५ कि.मि राजमार्गको दुवैतर्फ उद्योग पूर्वाधार सहितको सुबिधा सम्पन्न आर्थिक कोरिडोर स्थापना गर्ने उद्धेश्य सहित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अत्तरिया-धनगढी कोरिडोरको मास्टर प्लान तयार गरी विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने कार्यको सुरुवात गरेको छ।

- मन्त्रालयको प्राविधिक टोलीले तयार गरेको पूर्व-सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा प्रस्तावित कोरिडोरको विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने कार्य भइरहेको छ।
- यस कोरिडोरको पश्चिमपट्टि रहेको करीब ५०० विगाहा क्षेत्रफ़ल सहितको जग्गामा औद्योगिक पूर्वाधारको विकास गर्ने कार्य प्रथम चरणमा सम्पन्न गरिनेछ ।
- यस औद्योगिक कोरिडोर संचालनमा आएपछि हाल अत्तरिया र धनगढी क्षेत्रमा छरिएर रहेका उद्योगहरुलाई सो स्थानमा आकर्षण गर्नुका साथै हाल यस कोरिडोरमा संचालनमा रहेको उद्योगहरुलाई न्यूनतम औद्योगिक पूर्वाधार र सुविधाहरु राज्यको तर्फबाट उपलब्ध हुनेछ । परिणामस्वरूप यस क्षेत्रमा औद्योगिक लगानी, रोजगारीको अवसर र आर्थिक गतिविधि बढ्नेछ ।
- मैले यस औद्योगिक कोरिडोरको सबै कार्य समयमै सम्पन्न गर्न सम्बन्धित सबैलाई थप निर्देशन दिएको छु ।

**४)कैलालीको श्रीपुर हरैयामा विशेष आर्थिक क्षेत्रको चारकिल्ला भित्र क्षेत्र निरीक्षण**

- कैलालीको हरैयामा प्रस्तावित विशेष आर्थिक क्षेत्र करिब २०० हेक्टर क्षेत्रफ़लमा निर्माण गर्नको लागी विस्तृत ईन्जीनियरिंग अध्ययन कार्य सुरु गरिएको छ ।

- मन्त्रालयको उच्चस्तरीय टोलीले प्रस्तावित परियोजना स्थलको निरीक्षण तथा अनुगमन गरी अध्ययन कार्य यथाशिघ्र सम्पन्न गर्न निर्देशन गरेको छ ।